## सभा सम्बन्धी सामान्य जानकारी

१) बैंकको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

२) संयूक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

३) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

४) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

५) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुन भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा दिनुपर्नेछ । नया प्रतिनिधिको हकमा दफा ३ र ४ बमोजिम हुनेछ ।

६) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ५ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

७) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

८) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हूनूभन्दा ७ दिन अगावै बैंकको का.जि., का.म.न.पा., वडा नं. २ लाजिम्पाट, काठमाण्डौ स्थित कर्पोरेट कार्यालयमा जानकारी दिनूपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

९) सञ्चालक निर्वाचन सम्बन्धि विस्तृत कार्यक्रम सभा शुरु हुनुभन्दा २० दिन अगावै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका अलावा बैंकको का.जि., का.म.न.पा., वडा नं. १, दरवारमार्ग,, काठमाण्डौ स्थित केन्द्रिय कार्यालयको सूचना पाटीमा सभा शुरु हुनुभन्दा २० दिन अगावै टांस गरिनेछ ।

१०) सञ्चालकरुको निर्वाचन कार्यका लागि निर्वाचन अधिकृतको कार्यालय बैंकको का.जि., का.म.न.पा., वडा नं. १ दरवारमार्ग, काठमाण्डौ स्थित केन्द्रिय कार्यालयमा राखिएको अनुरोध गरिन्छ ।

११) सञ्चालक पदको लागि उम्मेदवार हुन चाहने शेयरधनीले बैंकले जारी गरेको शेयर मध्ये धितो बन्धक लगायत कुनै पनि प्रकारको अधिभार (encumberence) नरहेको आफू जुन समूहको (सर्वसाधारण वा संस्थापक) प्रतिनिधित्व गर्दै सञ्चालक पदको लागि उम्मेदवार हुन चाहेको हो सोहि समूहको कम्तीमा १०० कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुका अलावा बैक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३, अन्य प्रचलित